नेपाल सरकार
श्रम तथा यातायात ब्यवस्था मन्त्रालय
श्रम बिभाग

# राष्ट्रियस्तरको कल्याणकारी कोषको सचिवालय

मिनभवन, काठमाण्डौ

## <u>मुद्दती खातामा रकम राख्न सिलबन्दी ब्याजदर प्रस्ताव माग गरिएको सूचना</u>

नेपाल सरकारले खडा गरेको राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकम निश्चित शर्तहरु तोकी वाणिज्य वैङ्कको मुद्दती खातामा जम्मा गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंङ्कबाट बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त गरेका ईच्छुक 'क' वर्गका वाणिज्य बैंङ्कहरुले तपसील बमोजिम तोकिएको शर्तहरु पूरा गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र राष्ट्रियस्तरको कल्याणकारी कोषको सचिवालय, श्रम बिभाग, मिनभवनमा सिलबन्दी ब्याजदर प्रस्ताव पेश गर्नुहुन सम्वन्धित 'क' वर्गका बाणिज्य बैंङ्कहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) Capital Fund नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुसार भएको हुनुपर्ने छ ।
२) Non Performing Assests (NPA) को स्तर ५ प्रतिशत भन्दा बढी हुनु हुदैन ।
३) प्रस्ताव पेश गर्ने वाणिज्य बैंङ्क कम्तीमा एक वर्ष भन्दा अघिदेखि संचालनमा आएको हुनुपर्ने छ ।
४) प्रस्ताव पेश गर्ने वाणिज्य बैंङ्क नाफामा संचालन भएको हुनुपर्ने छ ।
५) एक वर्षको लागि मुद्दती खातामा रकम जम्मा गरिने भएकोले के कति ब्याजदर कुन रुपमा दिने हो ? सो स्पष्ट हुनुपर्ने छ । अन्य कुनै प्रावधान भए सो समेत स्पष्ट भई आउनुपर्ने छ ।
६) ब्याजदर प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने र कोषको रकम कुन बैंकमा राख्ने र कति राख्ने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार राष्ट्रियस्तरको कल्याणकारी कोष संचालन समितिमा सुरक्षित रहने छ ।
७) सिलबन्दी ब्याजदर प्रस्ताव बुझाउने म्याद समाप्त हुने दिन विदा परेमा सो पछि कार्यालय खुलेको पहिलो दिन बुझाउन सकिने छ ।
८) म्यादभित्र पर्न आएका रीतपूर्वकका प्रस्तावहरु म्याद समाप्त भएको भोलिपल्ट (सोह्रौं दिन, उक्त दिन पनि विदा परेमा सो को भोलिपल्ट) दिनको १ बजे श्रम बिभागमा सम्वन्धित संस्थाका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर कुनै संस्थाको प्रतिनिधि उपस्थित नभएपनि सिलवन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।